# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, पुस १३ गते २०४६ साल (संख्या ३७

## भाग ३

### श्री ५ को सरकार
### कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले खाद्य ऐन, २०२३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खेसरी, खेसरीको दाल र खेसरीको पिठो तथा खेसरी युक्त अन्य कुनै खाद्य पदार्थमा BOAA (B–N–oxalyl–amino alanine) भन्ने toxic पदार्थ भएको र सोको उपभोगबाट मानिस तथा पशुको स्वास्थ्यमा ज्यादै हानिकारक प्रभाव पर्नुको साथै पक्षघात समेत हुने कुरा अन्तर्राष्ट्रिय रूपमा वैज्ञानिक परीक्षणबाट प्रमाणित भएकोले सोको उत्पादन तथा बिक्री वितरण गर्न मनाही गरेको छ।

आज्ञाले,
बिन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको सचिव

६४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ११.२ ले दिएको अधिकार प्रयोग गरी श्री पुष्पराज विष्टलाई नेपाल खानेपानी संस्थानको महा-प्रबन्धक पदमा २ वर्षको लागि नियुक्त गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको देहायबमोजिमको उपदफाको प्रयोजनको लागि देहायबमोजिमको सदस्यहरू तोकेको छ ।

| | | |
|---|---|---|
| ८.१.१ | आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री शिवबहादुर प्रधानाङ्ग | – अध्यक्ष |
| ८.१.६ | प्रमुख, वीरगञ्ज नगरपालिका | – सदस्य |
| ८.१.७ | श्रीमती कमला मास्के | – सदस्य |
| ८.१.८ | डा. श्री त्रिनेत्रमान प्रधानाङ्ग | – सदस्य |
| ८.१.९ | प्रतिनिधि, वातावरणीय व्यवस्थापन कार्य समूह | – सदस्य |

आज्ञाले,
शिवबहादुर प्रधानाङ्ग
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सि.आर.एस. कम्पनीलाई ए.आई.डी. ले प्रदान गर्ने यू.एस.डलर २३०००।– जापानी यान १८,३६,४०० मूल्य पर्ने टोयोटा ल्याण्ड क्रुजर ३ थान र टोयोटा हाईलक्स पिक अप १ थान गाडीमा लाग्ने भन्सार महसुल र बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी रेडियो नेपाल (विकास समिति) ले जम्मा रू. ९१,००,०००।– (एकानब्बे लाख) मूल्य बराबरका देहायका उपकरणहरूको पैठारीमा साधारण भन्सार ५% मात्र लाग्ने र बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

स्टुडियो उपकरण

| | |
|---|---|
| १. स्पीकर, माइक्रोफोन आदि र त्यसको पार्टपूर्जा रू. | ५,००,०००।– |
| २. अडियो रिल, क्यासेट र कार्टिज टेप तथा टेपरिकर्डर रू. | १२,००,०००।– |
| ३. स्टुडियो उपकरण र पार्टपूर्जा– रू. | ४,००,०००।– |

ट्रान्समिटर उपकरण

| | |
|---|---|
| १. ट्रान्समिटर र त्यसको पार्टपूर्जा– रू. | ७०,००,०००।– |
| जम्मा– | रू. ९१,००,०००।– |

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी बुटवल पावर कम्पनी (प्रा.) लि. र नर्वेको स्टाट क्राफ्ट समेत भएको निजी स्तरमा ६०,०००।– कि.वा. क्षमता उत्पादन गर्ने खिम्ती जलविद्युत आयोजनाको लागि बुटवल पावर कम्पनीले अमेरिकी डलर ५८,००।– पर्ने निर्माण उपकरणहरूमा लाग्ने भन्सार महसुल १% लिई बिक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत



६४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।